Date : 2075-1-15

# Call for EoI
# Guideline

## १. पृष्ठभुमि

यो पुरातत्व विभागको आ.व २०७४/०७५ को PDRFतर्फको स्विकृत कार्यक्रम अन्तर्गत रहेको छ । यहाँ प्राप्त ऐतिहासिक कालदेखी हाल सम्मका ऐतिहासिक , पुरातात्विक , धार्मिक, सांस्कृतिक एंव कला वास्तुकलाको दृष्टिकोणले ज्यादै महत्वपुर्ण सम्पदाहरु संरक्षण गर्नु हाम्रो दायित्व हो । मानविय अतिक्रमण तथा सास्कृतिक आधुनिकीकरण द्वारा हुने क्षतिमा जनचेतनाको माध्यमद्वारा कमि ल्याउन सकिन्छ । तर भूकम्प जाँदा दैवी प्रकोपले सम्पदामा क्षतिमा मानवीय पहुँच भन्दा बाहिरी कुरा हुन। विगतमा पनि मानविय भन्दा दैवी प्रकोपद्वारा सम्पदाहरु क्षति पुगेको नष्ट भएका थुप्रै इतिहास छन । त्यस्तै गरी २०७२ सालको वैशाख १२ गते गएको विनाशकारी भूकम्प त्यस पछि गएका पराकम्पनले भौतिक क्षति पुर्याएका सम्पदाहरुको पुनः निर्माण तथा जीर्णोद्वारमा सहयोग पुऱ्याउन ती सम्पदाहरुको विवरण संकलन गर्ने, फोटोग्राफी सहित विवरण संकलन गर्ने, आवश्यक सामग्री खरिद गर्ने, संकलित विवरण सहित पूस्तक प्रकाशन गरी पुरातत्व विभागको Website मा संकलित विवरण राख्ने कार्य गर्नको लागि यो आधार-पत्र ( TOR ) तयार पारिएको छ ।

## २. अवधारणा

भूकम्पद्वारा क्षति पुगेका र नष्ट भएका सम्पदाहरु कुन सम्पदा सामान्य मर्मत गर्ने,कुन जीर्णोद्वार गर्ने र कुनै पुरै पुनः निर्माण गर्नु पर्ने अवस्था छ । सोको विवरण फोटोग्राफ सहित तयार गरी भविष्यमा मर्मत,जीर्णोद्वार एवं पुनः निर्माण गर्न योजना तयार गर्ने कार्यका लागि सहजता हुने यस आधारपत्रको अवधारणा रहेको छ ।

३.**उदेश्य** : विवरण संकलनको निम्न उदेश्यहरु रहेका छन

३.१ भूकम्पबाट प्रभावित जिल्लाहरुमा क्षति भएका सम्पदाहरुको फोटो सहितको विवरण जानकारी गराउने ।

३.२ ती सम्पदाको महत्वको जानकारी गराउने ।

३.३ कुन सम्पदा कति क्षति भएको अवस्थाको जानकारी गराउने ।

३.४ भएका भूकम्प अगाडीको थप विवरण संकलन गर्ने ।

३.५ कुन सम्पदा जीर्णोद्वार गर्ने, मर्मत गर्ने तथा पुन: निर्माण गर्नुपर्ने भन्ने कुरा वर्गीकरण गर्न सहयोग
गर्ने ।

४. **आवश्यकता**

भूकम्पद्वारा क्षति भएका सम्पदाहरु कुन कति मात्रामा क्षति भएको छ, फोटो सहितको विवरण तयार भए पछि मात्र स्पष्ट रुपमा जानकारी प्राप्त हुने भएकोले यसको आवश्यकता रहेको देखिन्छ ।

५.**विषय**

भूकम्पद्वारा क्षति भएका सम्पदाहरु कति मात्रामा क्षति भएको रहेछ भन्ने यस फोटो सहितको विवरण संकलनको विषय रहने छन् ।

६. **कार्यक्षेत्र**

भूकम्पद्वारा प्रभावित भएका जिल्लाहरु (अति प्रभावित १४ जिल्ला) भित्र रहेका सम्पदाहरुको फोटो सहित विवरण अद्यावधिक गर्नु यस विवरण संकलन कार्यको क्षेत्र रहने छ ।

७. **प्रस्तावमा समावेश गर्नुपर्ने विषयहरु**

७.१ विवरण संकलन विधि

७.२ बजेट,योजना,समय, जनशक्ती

७.३ संस्थाको आवश्यक कागजातहरु

७.४ विस्तृत फोटोग्राफीक विवरण

८. **कार्य सम्पादन गर्ने तरिका**

यो कार्य निम्न बमोजिम तीन चरणमा सम्पन्न गर्ने योजना तय गरीएको छ ।

८.१ सामान खरिद:

विवरण संकलन गर्न आवश्यक फोटोग्राफी,कम्प्युटर,हार्ड ड्राइभ र मसलन्द आदी खरिद गर्ने कार्य पहिलो चरणमा सम्पन्न्न गरिने छ ।

८.२ विवरण संकलन

भूकम्पद्वारा प्रभावित भएका सम्पदाहरुको फोटो सहित विवरण संकलन गर्ने कार्य दोस्रो चरणमा सम्पन्न गरिने छ ।

८.३ प्रकाशन एवं Website मा विवरण राख्ने

संकलित सबै फोटो सहितको विवरण प्रकाशन गर्ने एवं Website मा विवरण राख्ने कार्य तेस्रो चरणमा सम्पन्न्न गरिने छ ।

९. EOI**छनौट तरिका :**पेश भएका EOI निम्न तल उल्लेखित बुँदामा दिईने अंकको आधारमा रहि छनौट गरिनेछ ।

**९.१ कार्यविधी**

पेश गरिएको प्रस्तावनामा कार्यविधी लाई १०%अंक दिइनेछ ।

**९.२ जनशक्ति**

प्रस्तावनामा संलग्न गरिएका जनशक्तीहरुको अनुभव र संख्या सहित पुरातत्वविद, फोटोग्राफर, ग्राफिक डिजाइनर, कम्प्युटर सहायक तथा सहायक फोटोग्राफरहरुको प्रमाण-पत्र तथा अनुभव सहितको बायोडाटालाई ४०%अंक दिइनेछ ।

**९.३ समयावधी**

प्रस्तावनामा कार्य सम्पन्न गर्ने समयावधिको लागी ३०%अंक दिइनेछ ।

**९.४ अनुभव**

प्रस्तावनामा पेश गरिएको संस्थाहरुको अनुभव (न्युनतम ५ वर्ष) लागी २०%अंक दिइनेछ ।

## १०. आर्थिक प्रस्तावना

प्रस्तावना संगै आर्थिक प्रस्तावना पनि पेश गर्न सकिनेछ । माथि उल्लेखित बुंदाहरुको प्राप्ताङकबराबर भएमा आर्थिक प्रस्तावनाको आधारसंस्था छनौट गरिनेछ ।

## ११. पेशगर्नुपर्ने सामाग्रीहरु

फोटो सहितको विवरण संकलन तथा डाटा समावेश कार्य सम्पन्न भएपछि Profesinal camera (DSLR),Genuine Computer -एक

/एक थान तथा Hard Drive (external)चार थान यस विभगमा बुझाउनु पर्नेछ । (उक्त सामाग्रीहरु विभागको मापदण्ड (Specification) अनुरुप हुनुपर्नेछ । )

१२. **<u>कार्यको कुल लागत</u>** : रु १५,००,००० (भ्याट, ओभरहेड सहित)

यस परियोजनाको सम्पुर्ण निर्णय यस विभागमा निहित रहनेछ ।